लेखापरीक्षण प्रतिवेदन

नेत्रावती डवजोङ गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नेत्रावती डवजोङ गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/281

श्रीमान् अध्यक्षज्यू,
नेत्रावती डवजोङ गाउँपालिका
गाँउकार्यपालिकाको कार्यालय, धादिङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष ०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/281

श्रीमान् अध्यक्षज्यू,
नेत्रावती डवजोङ गाउँपालिका,
गाँउकार्यपालिकाको कार्यालय, धादिङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस नेत्रावती डब्जोङ गाँउपालिकाकोआर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथाटिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितकोप्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएकाविषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति रभुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मकविवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँगसम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीयविवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिमसारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयारगर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाँउपालिकाको आय र व्ययतर्फ रु.९५ करोड ९८ लाख २९ हजारको लेखापरीक्षणबाट रू. २७ लाख ६४ हजार बेरुजु देखिएकोमा रु.८९ हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई असुल गर्नुपर्ने रू.४९ हजार, प्रमाण कागजात पेसगर्नुपर्ने रू.१७ लाख २६ हजार र नियमित गर्नुपर्ने रु. ८ लाख ९९ हजार समेत रू.२६ लाख ७४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरूजु रु.४ करोड ७७ लाख ६० हजार मध्ये रू.७० लाख २९ हजार सम्परीक्षण र यस बर्षको लेखापरीक्षणबाट रू.२६ लाख ७५ हजार थप भई हालसम्म अद्यावधिक बेरुजु रु. ४ करोड ३४ लाख ५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नेत्रावती डब्जुङ गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारीलेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामीस्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेकाछौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन रसोको कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही रयथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रणप्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीयविवरणकोलेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्ततताप्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्यहो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारीलेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षणगरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्तालेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएकासबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीयविवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएकाजालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५०	११	२७,६३,६६६	०	१	८९,१२०	०	५०	१०	२६,७४,५४६	४९,३९१	८,९९,२८४	१७,२५,८७१	०	०	२६,२५,१५५	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण भएको रकम	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धादिङ	४,७७,५९,५४९		७०,२८,७४६	४०७३०८०३		२६,७४,५४६	४,३४,०५,३४९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	१९.१	राजश्व असुली तथा बाडफाड	८९,१२०
२	२०८०/८१	५८.१	संघीय सशर्त र विशेष अनुदान:	८,५००
३	२०८०/८१	७१	विपद कोषबाट खर्च :	१६,००,०००
४	२०८०/८१	३०	बढी अवधिको पदाधिकारी भ्रमण भत्ता	१,६०,०००

५	२०८०/८१	२६.1	पदाधिकारी सुविधाः	१,१४,०००
६	२०८०/८१	४२	निर्माण व्यवसायी मार्फत कार्य गराएको :	१०,५७,५०२
७	२०८०/८१	४८	नन फाईलर	१७,०१,४१४
८	२०८०/८१	६२	तोकिएभन्दा फरक कार्यमा खर्चः	२,५२,५५५
९	२०८०/८१	४०	जडान नभएको	१३,७२,३३६
१०	२०८०/८१	२०	घर भाडा	१,२६,०००
११	२०८०/८१	४१	अन्य निकायको खरिद तथा निर्माण	६,३६,४३९
जम्मा				७१,१७,८६६

नेत्रावती डवजोङ गाउँपालिका, धादिंग

(८०३३०५०८३००)

नेत्रावती डबजोङ गाउँपालिका , धादिङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १८१.७८ वर्ग किलोमिटर तथा १२ हजार १२५ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्वेश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्वेश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।१८ देखि २०८२।७।२२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्यय तर्फ रु. ९५ करोड ९८ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको

छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७९।८।२० मा जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

नेत्रावती डबजोङ गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
सेमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल

आर्थिक वर्ष २०८१/८२

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		४९८७७४७६.३२	चालु खर्च		२२४९१९९७८.३
१.संचित कोष	३४३५१००९.९१		१. पालिका तर्फ	१११७९८७४२.६९	
२.धरौटी	११२२५०५६.४९		२. संघीय सशर्त	१०८१६९०४६.६	
३.कार्यसञ्चालन कोष	३००५४६२.६		३. संघीय विशेष	०.	
प्रकोप व्यवस्थापन कोष	१२९५९४७.३२		४. प्रदेश सशर्त	४९५२१८९.०१	
यस वर्षको आय		५५२६८४७.२५	५. प्रदेश विशेष	०.	
१.आन्तरिक आय	५५२६८४७.२५		पुँजीगत खर्च		१३१५११७७४.४५
२. वित्तीय हस्तान्तरण (संघ)		२८७८५२९३५.६७	१. पालिका तर्फ	८१२६३३०३.४५	
क) समानीकरण अनुदान	८६३४६१६०.		२. संघीय सशर्त	७०७५६६९.	
ख) राजस्व बाँडफाँट	५९२५५६२०.६७		३. संघीय विशेष	०.	
ग) सशर्त अनुदान	१३०७७८०००.		४. संघीय समपुरक	१०९३१२११.	
घ) समपुरक अनुदान	११४७३१५५.		५. प्रदेश सशर्त	११४२०१९७.	
ङ) विशेष अनुदान	०.		६. प्रदेश विशेष	४२०६८२९.	
च) रोयल्टी	०.		७. प्रदेश समपुरक	१६६१४५६५.	
छ) अन्य	०.		अन्तर सरकारी अख्तियारी (संघ)		९०८१०६००.
३. वित्तीय हस्तान्तरण (प्रदेश)		६२४३३७९२.५४	क) सामाजिक सुरक्षा तथा संरक्षण	८८५२२४००.	
क) समानीकरण अनुदान	८९२२०००.		ख विद्यालय शिक्षा क्षेत्र योजना	१००००००.	
ख) राजस्व बाँडफाँट	१३४५७७९२.५४		ग रोजगार प्रवर्द्धन कार्यक्रम	२६८२००.	
ग) सशर्त अनुदान	१७००४०००.		घ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०२००००.	
घ) समपुरक अनुदान	१७३५००००.		अन्तर सरकारी अख्तियारी (प्रदेश)		०.
ङ) विशेष अनुदान	५७०००००.		ऋण फिर्ता(साँवा)		०.
च) रोयल्टी	०.		ऋणको ब्याज भुक्तानी		०.
छ) अन्य	०.		धरौटी फिर्ता तथा सदर स्याहा		२५०९८६८.४९
४. अन्तर सरकारी अख्तियारी (संघ)		९०८१०६००.	कार्यसञ्चालन कोषबाट भएको खर्च		६६६८९४६.
क) सामाजिक सुरक्षा तथा संरक्षण	८८५२२४००.		प्रकोप व्यवस्थापन कोषबाट भएको खर्च		८१५८६७३.
ख विद्यालय शिक्षा क्षेत्र योजना	१००००००.		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		०.
ग रोजगार प्रवर्द्धन कार्यक्रम	२६८२००.		अन्य सहयोगमा सञ्चालित योजना		०.
घ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०२००००.		अनुदान फिर्ता		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		०.	१. संघ तर्फ		१६०७५२२८.४
६. ऋण/ वित्तीय व्यवस्था		०.	क) सशर्त अनुदान	१५५३३२८४.४	
७. धरौटी आय		३०४७८३६.	ख) विशेष अनुदान	०.	
८. कार्यसञ्चालन कोष आय		१६००१०३२.८३	ग) समपुरक अनुदान	५४१९४४.	
९ प्रकोप व्यवस्थापन कोष आय		८०७५०००.	२. प्रदेश तर्फ		२८६०२१९.९९
१०. दहत्तर बहत्तर फीर्ता बाकी		८९११९.६५	क) सशर्त अनुदान	६३१६१३.९९	
११. अन्य क्षेत्रबाट प्राप्त आय		०.०९	ख) विशेष अनुदान	१४९३१७१.	
१२.स्थानीय राजस्व बाँडफाँड		१२६७५८८.६८	ग) समपुरक अनुदान	७३५४३५.	
१३. जनसहभागिता		१२०८९००.	अन्तिम मौज्दात		४२६७५८४०.४
१४. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			१. संचित कोषको मौज्दात	१७३६२९९२.६५	
			२. धरौटी	११७६३०२४.	
			३. कार्यसञ्चालनकोष	१२३३७५४९.४३	
			४.प्रकोप व्यवस्थापन कोष	१२१२२७४.३२	
जम्मा		५२६१९११२९.०३	जम्मा		५२६१९११२९.०३

मनिषा कुमारी घिमिरे
लेखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
ग १.१ आन्तरिक राजस्व खाता	०	५५२६८४७.२५	५५२६८४७.२५
ग २.२ चालू खर्च खाता- जोर वर्ष	०	७९०९९७९.६७	७९०९९७९.६७
ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष	०	२२५८०५६.५५	२२५८०५६.५५
ग ३.१ स्थानीय तह धरौटी खाता	११७६३०२४.	११७६३०२४.	०.
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	१७३६२९९२.६५	१४४५३१०.०३	-१५९१७६८२.६२
ग ५.१ स्थानीय तह विविध कोष खाता	१२३३७५४९.४३	१२३३७५४९.४३	०.
ग ६.१ स्थानीय तह विभाज्य कोष खाता	०	२२२७९९.१५	२२२७९९.१५
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१२१२२७४.३२	१२१२२७४.३२	०.
जम्मा	४२६७५८४०.४	४२६७५८४०.४	०.

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्क बीच हिसाब मिलान गर्नुपर्दछ ।

२.३ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेको छ। उक्त एकिकृत आर्थिक विवरणमा अन्तर सरकारी अख्तियारी तर्फको रु ९०८१०६०० समेत समावेश गरी वित्तिय प्रतिवेदन तयार गरेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।०३।९ गते रु ४१ करोड २० लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोहि दिन पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३.३ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेपर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेता पनि आवधिक योजनासँग तालमेल हुनेगरी वजेट तथा कार्यक्रम कार्यान्वयन गरेको पाइएन। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनामा भएका विषयहरुलाई नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गर्नुपर्दछ।

क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट रु.	खर्च रु.	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१८३०१०००	१५९२२५२३	४.४८
२	पूर्वाधार विकास	१११९७८५००	९७९३९०४१	२७.४८
३	सामाजिक विकास	१६१३४६२२०	१३८५६३४३०	३८.८७
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१४०३८०००	१३१४३६४२	३.६८
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१०७१९७७८०	९०८६२७१७	२५.४९

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३८.८७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी अर्थात् ३.६८ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

३.४ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०८१/८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छ ।

	रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाख सम्मका	रु. ५लाख देखि १० लाखसम्मका	रु. १०-५० लाख सम्म	५० लाख भन्दा बढी	५०/५० लागत जन सहभागिता	अन्य योजनाहरु	जम्मा
वडा स्तरिय	५	३०	१४	६	-	-	-	-	५५
पालिका स्तरीय	१३	१४	७	१२		४	-	-	५०
जम्मा	१८	४४	२१	१८	०	४	०	०	१०५

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १० लाख भन्दा माथिका जम्मा ४ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका ८३ वटा योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमजोर हुन सक्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

३.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजिगत खर्चतर्फ	१३,१५,११,७७४	८१,०१,१२५	८४,८२,५०९	३,५६,५२,८४२	७,९२,८८,४४९	४,९९,७४,४७४
प्रतिशत	१००	६.१६	६.४५	२७.११	६०.२९	३८

माथिको तालिका अनुसार प्रथम त्रैमासिकमा ६.१६ प्रतिशत दोश्रो त्रैमासिकमा ६.४५ प्रतिशत तेश्रो त्रैमासिकमा २७.११ प्रतिशत र चौथो त्रैमासिकमा ६०.२९ प्रतिशत र आषाढ महिनामा मात्र ३८ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

३.६ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत

शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। ऐनमा व्यवस्था भए अनुसार समिति गठन गरी बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट तर्जुमा एवं सोको कार्यान्वियन हुनुपर्दछ ।

३.७ योजना संसोधन तथा रकमान्तर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। तर पालिकाले यो वर्ष पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत विभिन्न ३१ वटा योजनाबाट घटाएर ३८ वटा योजनाबाट रू ७४ लाख ६५ हजार रकमान्तर गरी खर्च गरेको छ। साथै ठेक्का आह्वानवाट वचत रकमवाट मिति २०८१।९।२८ को गाउँसभाको निर्णयवाट रु ७४ लाख ७४ हजार रकमान्तर गरेकोमा उक्त कार्यक्रमहरु सुत्र प्रणालीमा अध्यावधीक गरी खर्च गरेको देखियो। पालिकाले यस आर्थिक वर्षमा रु १ करोड ४९ लाख ३९ को रकमान्तर गरेको देखिन्छ। यसरी पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत रकमान्तर गर्ने कार्य बजेटको सिद्धान्त विपरित देखिन्छ। बजेटमा समावेश भएका योजना तथा कार्यक्रम मात्र संचालन गर्न पालिकाले विशेष ध्यान दिनुपर्दछ।

४ आन्तरीक नियन्त्रण

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

क) वजेट व्यवस्थापनतर्फः

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

• सवै योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरेर मात्र भुक्तानी नगरेको ।

• अनुदान वितरणमा भएका खर्च वेभसाइट मार्फत सार्वजनिक नगरेको ।

ख) भ्रमण खर्च व्यवस्थापनतर्फः

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख खाता अद्यावधिक नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने ब्यवस्थालाई पूर्णरुपमा पालना नगरेको ।

ग) खरिद व्यवस्थापन तर्फः

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि प्रभावकारी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा अक्षरशः पालनामा जोड दिनुपर्ने ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र व्यवस्थित अभिलेख नराखेको ।

घ) शिक्षातर्फः

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन।
• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ को (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गर्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

ङ) विविध तर्फः

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।
• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गरी र विल मात्र राखी खर्च गर्नुपर्ने ।
• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख अद्यावधिक नराखेको ।
• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्योंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।
• साविकमा अनुदान दिइएका कार्यक्रम तथा योजनाको वस्तुपरक मूल्यांकन नगरेको ।
• गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित ब्यहोरा कार्यान्वयन नगरेको ।
गाउँपालिकाले उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

५ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८२।०३।३१ मा फिर्ता गरेको भौचर लेखापरीक्षणको क्रममा पेश भएको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	फिर्ता मिति
संघीय सरकार	शसर्त	१३०७७८०००	११५२४४७१६	१५५३३२८४	२०८२।३।३१
	समपुरक	११४७३१५५	१०९३१२११	५४१९४४	२०८२।३।३१
प्रदेश सरकार	शसर्त	१७००४०००	१६३७२३४६	६३१६१४	२०८२।३।३१
	विषेश	५७००००००	४२०६८२९	१४९३१७१	२०८२।३।३१
	समपुरक	१७३५००००	१६६१४५६५	७३५४३५	२०८२।३।३१

६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष १२ उजुरी परेकोमा ७ वटा लिखित सहमतिका आधारमा फस्योंट भएको ५ वटा फछ्योंट हुन नसकेको पालिकाले दिएको विवरणमा उल्लेख छ।सबै मुद्दाको न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र लिखित रूपमा फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

७ **जरिवाना भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने तरीकाले खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले महशुल भुक्तानीमा तथा दस्तुरमा बिलम्ब दस्तुर भुक्तानी गरेको छ। यसरी बजेटको व्यवस्था भएको अवस्थामा जरिवाना भुक्तानी गर्ने कार्य नियमसम्मत नभएकोले नियमित गर्नुपर्ने रु.

गो.भौ.न./मिति	जरिवाना रकम	वापत
५१/२०८२।३।२३	४२१९	विद्युत महशुल
१८५/२०८२।३।२३	२८०६५	
जम्मा	३२२८४।-	

अनियमित भएको	३२,२८४

८ **विपत व्यवस्थापन कोष**

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। नेत्रावती डबजोङ गाँउ कार्यपालिकाको विपद कोष व्यावस्थापन कार्यविधी २०७४ को परिच्छेद २ बमोजिम पालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद द्वारा सर्वसाधारणको जीउ ज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक र सांस्कृतिक सम्पदा, र भौतिक संरचनाको संरक्षण गर्न विपद् व्यवस्थापन कोष स्थापना गरेको छ। उक्त कोष बाट खर्च गर्ने प्रकृया तोकेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं.४४७, मिति २०८१/७/८ गतेको पत्रानुसार संकटग्रस्त क्षेत्र घोषणा गरिएका स्थानीय तहका लागि अत्यावश्यकीय सेवा तत्काल सञ्चालन गर्न जिल्ला विपद् व्यवस्थापन कोषमा प्राप्त भएको रकम स्थानीय विपद् व्यवस्थापन कोषमा निकासा गरि खर्च गर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/०८२ मा नेत्रावती डबजोङ गाउँपालिकाले विपद् व्यवस्थापन कोषमा रहेको रु.९३७०९४७।३२ रकम ऐनमा तोकिएको प्राकृतिक वा गैरप्राकृतिक विपद्सँग सम्बन्धित क्षेत्रमा खर्च गरेको छ। विपद् व्यवस्थापन कोषको रकमलाई ऐनमा तोकिएको क्षेत्रमा मात्र उपयोग गर्न, वास्तविक विपद्को पहिचान गरी पारदर्शी र जवाफदेही रूपमा खर्च गर्न, स्पष्ट मापदण्ड स्थापना गर्न, नियमित अनुगमन र मूल्याङ्कन गर्न तर्फ गाउँपालिकाले ध्यान दिनुपर्छ।

९ **सहकारी नियमन**

सहकारी ऐन२०७४ को दफा ७३ अनुसार मासिक,चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली२०७५ को नियम २८(४)सहकारी संस्थाहरुको सुपरीवेक्षणनिरीक्षण तथा अनुगमन निर्देशिका२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका १८ मध्ये सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा १८ वटा दर्ता भएका सहकारी संस्थाको व्यवसाय करमा आबद्द, व्यवसाय कर नविकरण,सहकारी संस्थाको साधारण सभा प्रतिवेदन,सहकारी सस्थानको आ.व.२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन तयार गरेको र कुनैपनी सहकारीको अनुगमन गरेको छैन। जसले गर्दा सहकारीको संचालन नियमन नियमावली र निर्देशिका अनुसार भएको पाइएन। तसर्थः ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण अद्यावधिक गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ र बागमती प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ को उपदफा ५ अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षा स्वास्थ्य तर्फ ११ जना कर्मचारीको रु. १,०६,०६,८०१।०० र पालिकातर्फ १५ जना कर्मचारीको रु.१,०३,०९,९२१।०० समेत रु. २,०९,१६,७२२।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

११ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

११.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पाँचवटा वडा रहेको यस पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४ जना पदपूर्ती भएको देखिन्छ ।साथै वियषगत शाखाहरु कृषिशाखा तर्फ ६, पशुशाखा ५, स्वास्थ्य शाखा २, स्वास्थ्य चौकी तिनवटामा २१, अस्पताल तर्फ १८ र तिनवटा सामुदायिक स्वास्थ्य ईकाइ तर्फ ९ जना समेत ६१ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म १३ जनाको स्थायी पदपूर्ती भइ ४८ पद रिक्त रहेकोमा तिनजना नगर प्रहरी समेत ३५ जना करार सेवाबाट (कार्यक्रम करार सहित) कार्य संचालन भएको लेखापरीक्षणको क्रममा प्राप्त विवरणमा उल्लेख छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, पशु कृषि प्राविधिक अधिकृत, सव ईन्जिनियर, मेडीकल अधिकृत, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कर्मी सहितका पदहरु रिक्त रहेका कारण करार सेवामा छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर नपर्ने गरी जनशक्ती व्यवस्थापन गर्नु पर्दछ ।

११.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ र बागमती प्रदेश सरकारद्वारा जारी गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ अनुसार स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि पालिकाहरुले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा विषयगत शाखा महाशाखा रहेको, वडा कार्यालयको संरचना समेत रहेको संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले २०८० सालमा ब्राईट रुट एकेडेमी प्रा. लि. बाट संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी प्रतिवेदन प्राप्त गरेको छ । उक्त फर्मले पालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी गाउँपालिकामा रहने स्थायी र करार कर्मचारीहरुको संगठन संरचना र दरवन्दी तेरीजको प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदन अनुसार स्थायी तर्फ गाउँपालिका र कृषिपशु शिक्षा शाखा समेत साविकको ३४ दरवन्दीमा ८ पद/जना थप गरी ४२ जनाको प्रस्ताव गरेको, पाँच वटा वडा कार्यालय तर्फ १० मा १० जना नै प्रस्ताव गरेको, तिनवटा स्वास्थ्य चौकी तर्फ १५ जनामा ३ जना थप गरी १८ जना प्रस्ताव गरेको छ । साविकमा पाँचवटा आधारभूत स्वास्थ्य चौकी र १५ शैय्याको आधारभूत अस्पतालको लागि दरवन्दी स्वीकृत नभएकोले हाल क्रमशः १० र ३० जनाको दरवन्दी संरचना प्रस्ताव गरी पालिकको साविकको ५९ दरवन्दीमा २१ पद थप गरी कूल ८० जनाको संगठन संरचना र दरवन्दी रहने प्रस्ताव गरेको छ । करार तर्फ गाउँपालिका र स्वास्थ्य चौकीको लागि कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, हलुका सवारी चालक र नगर प्रहरी समेत २४ जना र वडा कार्यालय तर्फ ५ जना समेत २९ जना करार सेवाबाट लिने दरवन्दी प्रस्ताव गरेको छ । पालिकाको २०७९ पौष २९ गते भएको १२ औ गाउँसभाको बैठकबाट उक्त प्रतिवेदन पारित गरी प्रदेश कितवखानामा दर्ताको लागि पेश भएको छ ।

१२ कर्मचारी कल्याण कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका स्थायी कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण औषधि उपचार लगायत सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त कोषमा कर्मचारी कल्याण कोषको लागि हालसम्म छुट्याइएको सवै रकम, प्रत्येक आर्थिक वर्षमा कर्मचरीका लागि भुक्तानी गरिने न्यूनतम एक महिनाको तलव बराबरको रकम, पालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुने रकम, कोषको रकम ऋण लगानी वा पूँजि परिचालन गरी प्राप्त हुने रकम कोषमा राखि बैंक खाता खोली आर्थिक कारोवार संचालन हुने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाँउपालिकाले कर्मचारी कल्याणकोष संचालन कार्यविधि तर्जुमा गरेको छैन । पालिकाले यो वर्ष वित्तिय समानिकरण अनुदान चालु बजेट उपशिर्षकमा रु. १० लाख बजेट विनियोजन गरेकोमा उक्त कोष संचालन सम्वन्धि कार्यविधि तर्जुमा नभएको कारण बैक खाता नखोलेको हुनाले खर्च लेखेको छैन । उक्त ऐनको पालना भएको देखिएन ।

१३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले पालिकाभित्र स्थायी बसोबास गर्ने घर परिवारका सदस्य मृत्यु भएमा काजक्रिया खर्च वापत नजिकका आफन्तलाई प्रति मृतक रु. १० हजार काजक्रिया खर्च दिने कार्यविधि, २०७९ तर्जुमा गरी यो वर्ष १०३ जना मृतकका आफन्तलाई रु. १० लाख ३० हजार प्रदान गरेको छ । विपन्न नागरिक औषधि उपचार कार्यविधि, २०७९ अनुसार अस्पतालको प्रेषित विवरणको आधारमा प्रति बिरामी रु १० हजार दिने व्यवस्था अनुसार यो वर्ष ५० जनालाई रु. ५ लाख, अंग प्रत्यारोपणका लागि चार जनाको लागि रु. ९५ हजार समेत कूल रु. १६ लाख २५ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५५,२६,८४७।०० को २९.४० प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको १८ रोपनी ९ आना क्षेत्रफलमा ५ वटा प्रशासकिय भवन, ५ वटै वडा कार्यालयको भवन, १५ शैय्याको अस्पताल भवन र जग्गा रहेको विवरणबाट देखिन्छ ।पालिकसंग चारपाङ्ग्रे सवारी साधनहरुमा एउटा डोजर, एउटा एम्बुलेन्स, एउटा ट्याक्टर, दुईवटा जिप, १९ वटा दुई पाङ्गे सवारी साधन, १५ शैय्याको अस्पतालमा एक्सरे मेशिन रहेको विवरणमा उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको छैन। सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड पनि बनेको छैन । संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक, पर्ति, ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरी प्रतिवेदन लिएको छैन ।

१५ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ र ९६ नियम ९९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात अनिवार्य रुपमा Public Asset Management System (PAMS) प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ।यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई भिडे नभिडेको प्रतिवेदनमा उल्लेख गरेता पनी पालिकामा रहेका जिन्सी मालसामानको मर्मत गर्नुपर्ने,लिलाम बिक्रि गर्नुपर्ने,मिनाहा गर्नुपर्ने र संरक्षण गर्नु पर्ने भनि उल्लेख गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

- अन्य निकायबाट प्राप्त भएका सामग्रीहरु हस्तान्तरण फाराम र दाखिला फारम अनिवार्य राखुपर्नेमा नराखेको।
- सहायक जिन्सी खाता पाम्स मा प्रविष्टि गरी जिन्सी व्यवस्थिनलाई प्रभावकारी तुल्याउनु पर्ने

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत वडा न.२ मा बेरोजगार सूचिकृत र योजना छनौटका आधारमा कार्य भएको देखिदैन। पालिकामा योजना सञ्चालन गरी यस वर्ष १०६ जनालाई औसत ५९.५ दिन रोजगारी उपलव्ध गराई रु. ४३,४६,७८४।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन ।साथै वडा कार्यालयले रोजगारहरुको छनौट गरी बेरोजगारीलाई रोजगारी दिनुपर्नेमा सो कार्य समेत गरेको देखिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। पालिका रोजगार संख्याको तुलनमा योजना संख्या पनि बढी भएकोले उक्त योजनाको कार्यमा पनि गुणस्तरियता र दिगोपना हुने देखिदैन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

वडा नं	कार्यक्रम/ योजना संचालन	सुचिकृत बेरोजगार संख्या	रोजगार संख्या	रोजगार प्राप्त गरेको दिन	विनियोजित बजेट	कुल खर्च	प्रति औषत रोजगारी आय	औषत रोजगारी दिन
१	सिढी र चौतारा निर्माण	६९	१९	६०	८१२००५	७८४३२०	४१२८०	५९.५
२	गोरेटो बाटो र तारजाली भर्ने	१५३	२७	६०	८२७८७९	१११४५६०	४१२८०	
३	गोरेटो बाटो र सिढी निर्माण	४४	२४	६०	१४३७१७५	९९०६२०	४१२८०	
४	प्रतिक्षालय र खानेपानी मर्मत	६१	१५	६०	८२७८७९	६१९२००	४१२८०	
५	गोरेटो बाटो र सिढी निर्माण	१६७	२१	५८	८२७८७९	८३७९८४	३९९०४	
जम्मा		५०४	१०६	२९८	४७३२८१७	४३४६७८४	२०५०२४	२९८

रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धैरै संख्यामा योजना छनोट भएको पूर्वाधार एवम अन्य विकास निर्माणका लागि अधिकांश योजना छनोट नभई अनुत्पादक कार्य गराउने गरी योजना छनोट भएका छन। साथै श्रमिकको संख्या पनि धैरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन भएको पाइएन।

१७ **खरिद तथा ठेक्का अभिलेख**

१७.१ सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रू १३ करोड १५ लाख १२ हजार पूँजीगत खर्च गरेको छ। पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। पालिकाले नियम बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७.२ **ठेक्कागत अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम ठेक्का सम्झौताबाट भएको कामको अभिलेख (म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म.ले.प.फा.नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत) लगत राखेको देखिएन। पालिकाले कानुनमा तोकिए वमोजिम अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१८ **आन्तरीक आय तर्फ**

१८.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३२,३३,३१,४३५।०३	५५,२६,८४७।२५	१.७०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१८.२ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आ.व.	आय अनुमान	संकलित रकम	प्रतिशत
२०७९/८०	४२७५०००	८००६६२५।५४	१८७
२०८०/८१	५०४००००	५१२०७७३।५१	१०१
२०८१/८२	५००००००	५५२६८४७।२५	११०

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ.व. २०७९/८० मा रू.४२७५०००।0आय अनुमान गरिएकोमा रू. ८००६६२५।५४ अर्थात १८७ प्रतिशत संकलन भएको छ त्यसै गरी आ.व. २०८०/८१ मा रू. ५०४००००।-आय अनुमान गरिएकोमा रू. ५१२०७७३।५१ अर्थात १०१ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८१/८२ मा रू. ५००००००।-आय अनुमान गरिएकोमा

रू. ५५२६८४७।२५ अर्थात (११० प्रतिशत) आय प्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय बडदो क्रममा रहेतापनी पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

१८.३ **आय अनुमान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५००००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ५५२६८४७।२५अर्थात अनुमान भन्दा ११० प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१८.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पति कर	२०००००	२६८९५६.४	१३४
भूमिकर/ मालपोत कर	११०००००	६४८२१७.११	५८
बहाल कर	५००००	२६५४३२.४९	५३०
घरजग्गा रजिष्ट्रशन दस्तुर	०	०	०
व्यवसायले भुक्तानी गर्ने	०	०	०
व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने	०	१८५०	
कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर	०	०	०
अन्य कर	५५००००	५९४५०	१०
सरकारी सम्पतिको बहालबाट प्राप्त आय	०	०	०
विधुतीय सेवा शुल्क	०	०	०
परीक्षा शुल्क	०	०	०
अन्य प्रशासनिक सेवा शुल्क	०	५७५७००	०
नक्सा पास दस्तुर	०	०	०
सिफारिस दस्तुर	२४०००००	२०९१७३९.७५	८७
व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	३८९२००	७८
नाता प्रमाणित दस्तुर	०	८४०००	
अन्य दस्तुर	०	३५००	
व्यवसाय रजिष्ट्रशन दस्तुर	०	३१४७३७	
अन्य क्षेत्रको आय	०	०	
प्रशासनिक दण्ड जरिवाना र जफत	०	०	
धरौटी सदर स्याहा	०	०	
अन्य राजस्व	०	०	
व्यवसाय कर	२०००००	५१९७.५	३
बेरुजु	०	८१८८६७	
जम्मा	५००००००	५५२६८४७.२५	११०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो

क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी विज्ञापन कर मनोरञ्जन कर लाई समेत करको दायारामा ल्याउनु पर्दछ।

१८.५ **व्यावसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३२१७८४।५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१९ राजश्व असुली तथा बाडफाड

१९.१ राजश्व बाँडफाँड -

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८९,११९.६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१९.२ **राजस्व असुलि-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका ५ वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.५५२६८४७।५२ असुली भएकोमा रु. ५५२६८४७।५२ नै दाखिला भएको पाइएको छ।

१९.३ ढिला राजस्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका र पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव २ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो।यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

२० आय ठेक्का व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ (क) को उपदफा १ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टि, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्न सक्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट ढुंगा, गिट्टि, बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ जारी भएको छ। बागमती प्रदेश सरकारबाट जारी गरिएको प्रदेश आर्थिक ऐन,२०८१ को दफा ९ को उपदफा १ मा आ.व.२०८१।८२ मा माटो, ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, र दहत्तर बहत्तरको संकलनमा अनुसूची- ५ बमोजिमको शुल्क लगाउने व्यवस्था रहेकोछ। यस सम्वन्धी देखिएका व्यहोरा देहय अनुसार छन।

नेत्रावती डबजोङ गाँउ पालिकाको आँखु खोला र लपाङ खोलानदी किनारामा रहेको नदीजन्य ढुङ्गा गिट्टी बालुवाको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार आँखु खोला बाट ८०१२.२९ घन.मि र लपाङ खोला बाट २७१५.०६ घन.मि प्रती बर्ष तथा औषतमा दैनिक ३९.७३ घन मिटरले बार्षिक १०७२७.३५ घन मि. ढुङ्गा, गिट्टी, बालुवाको संकलन गर्न उत्खनन् गर्न सकिने उल्लेख छ । पालिकाले आँखु खोला र लपाङ खोला बगरक्षेत्र बाट दैनिक ३९.७३ घन मिटरले उत्खनन गर्न पाउने गरी मिति २०८१।०८।०४ मा करिव ६ महिना उत्खनन गर्न भ्याट सहित रू. १५ लाखको ठेक्काको सुचना प्रकाशन गरेकोमा कुनैपनि प्रस्ताव पेश नभएको कारण जनाइ सोही परीमाणमा कवोल अंक घटाई रू.१३ लाखमा पुनः २०८१।०९।१२ गते सुचना प्रकाशन गरेकोमा कुनै प्रस्ताव नपरेको विवरण पेश गरेको छ । पालिकाले बर्षान्तको सुरूमै ठेक्का सुचना प्रकाशन गरी समयमै ठेक्का प्रकृया अगाडी बढाउन तर्फ ध्यान दिनु पर्दछ।

२१ **कानूनको कार्यान्वयन**

अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची- ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। कमसेकम प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयन ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनु पर्दछ।

२२ **करार शिक्षकको तलव**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ४ अनुसार स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँडबाट प्रप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने प्रावधान रहेको छ । सोही ऐको दफा २८ अनुसार अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ । पालिकाले प्रशासकिय कार्यविधि व्यवस्थित गर्न बनेको ऐन, २०७५ को दफा ४ बमोजिम स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ तर्जुमा गरेको छ । उक्त कार्यविधि अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यले विद्यार्थीको अनुपातमा शिक्षकको संख्या कम भएको विद्यालयमा स्वयम सेवक शिक्षक नियुक्त गरी शिक्षक अभाव हटाइ पठन पाठन नियमित गर्ने व्यवस्था गरेको छ । पालिका अन्तर्गत विभिन्न तहका १९ वटा सामुदायिक विद्यालयहरु रहेको छ । उक्त मध्ये पाँचवटा माध्यामिक विद्यालयमा १/१ जनाको दरले ५ जना, ८ वटा आधारभुत विद्यालयमा १/१ जनाको दरले ८ जना समेत १३ जना स्वयम सेवक शिक्षकहरुको तलव भत्ता स्वरुप रु. ३८,९५,७६९।०० वित्तिय समानीकरण चालु अनुदानबाट खर्च लेखेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार नेपाल सरकारबाट पालिकालाई उपलब्ध भएको वित्तिय समानीकरण अनुदानको रकमबाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र पालिकाले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र गर्नुपर्ने व्यवस्था गरेको हुँदा वित्तिय समानीकरण अनुदानको रकमबाट स्वयम सेवक शिक्षकको मासिक पारिश्रमिक भुक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न मिल्ने देखिदैन । साथै वित्तिय समानीकरण अनुदानको प्रयोग सम्वन्धमा अर्थ मन्त्रालयको च. न. १२१ मिति २०७८ असार २७ गते र सोही पत्रलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ५६३ मिति २०७८ असार ३० गते सबै स्थानीय तहलाई गरेको परिपत्र अनुसार समेत प्रशासनिक खर्च गर्न नमिल्ने देखिन्छ ।

२३ **सार्वजनिक निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा कार्य स्वीकार सम्वन्धी व्यवस्था गरेको छ। निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर

पालिकाले सिचेत खोला पालिका भवन खानेपानी निर्माण कार्यको लागत अनुमान रु. ६७,९८,८७४।०८ गरी वोलपत्रको माद्यमवाट रु. ५४,७३,६०२।८२ मिति २०८१ माघ ८ मा २०८२ असार १५ सम्ममा काम सम्पन्न गर्नेगरी संझौता गरेकोमा उक्त योजनाको रु. ४०,६२,९१४ को मात्र कार्य सम्पन्न गरेको देखियो।जसमा खन्ने पुर्ने काम ३२४३.९८ घन मीटरको रु. १६,०४,१४८।११ को काम सम्पन्न गर्नुपर्नेमा १२६५.९५ घनमीटर मात्र कार्य सम्पन्न गरेको अवस्थामा कार्य स्वीकार गरेको देखियो ।

त्यस्तै घराधिरी केवरा माउत वेतिनि चरङ्गे सडक निर्माण कार्यको लागत अनुमान रु. १,९५,०८,७८९।२३ गरेकोमा वोलपत्रको माद्यमवाट ओम श्रेष्ठ कन्ट्रक्सनलाई रु. १,६६,७७,२४९।०० मिति २०८२ असार १५ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८१ पुस ४ मा संझौता गरेको छ। उक्त निर्माण व्यवसायीले ८८.९१ प्रतिशत मात्र कार्यसम्पन्न गरेकोमा पालिकाले कार्यस्वीकार गरेको देखियो। लागत अनुमान अनुसार ग्रावेल गर्ने कामको रु. 2004.91 ले ९६३.९० घन मिटरको रु. १९,३२,५३२।०० रहेकोमा ७२ घन मिटर काम मात्र सम्पन्न गरी ८९१.९० घनमिटर घटी काम गरेको देखियो । उक्त कामको संझौता अनुसार प्रति घनमिटर रु. ८०० का दरले रु. ७१३,५२० मु.अ.कर वाहेकको काम सम्पन्न गरेको देखिएन । पालिकाले उक्त ग्रावेल गर्ने काम सम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ । पालिकाले संझौता अनुसारको निर्माण कार्य गराउनु पर्नेमा काम पुरा नहुदै विनाकारण कार्य स्वीकार गर्नु उचित देखिदैन।

प्रमाण पेश नगरेको	७,१३,२५०

२४ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

२४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष ८ कार्यमा रु ७४ लाख र यो वर्ष ५ कार्यमा रु २३ लाख ६० हजार समेत कुल रु ९४ लाख ६० हजार.खर्च गरेको छ। यसरी सम्भाव्यता अध्ययन/डी.पी.आर गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता सम्भाव्यता अध्ययन/डी.पी.आर तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

२४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने र बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था छ।यस स्थानीय तहले यो बर्ष सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको देखिन्छ। यसरी नियमको पालना नगरी र बजेटको सुनिश्चतता नभई डिपिआरमा खर्च गरेको रकम नियमसम्मत देखिएन ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

कार्य विवरण	परामर्शदाताको नाम	स्वीकृत लागत अनुमान	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत	कैफियत
चक्कर खोला मार्पाक सिंचाई कुलो वडा नं १ डि.पि.आर.	Interface Engineering Pvt.Ltd.Narephat-35,Kathmandu.	४९८३०२.५७	४९३५३८.८	३०७२११२६.७९	कार्यान्वयनको क्रममा रहेको
सेल्ले लपाङ माउत सडक वडा नं. २ र ४ डि.पि.आर.	Bonafide Engineering Consultancy Pvt.Ltd.,Nayabazar-16,KTM	४९७५६५.२१	४९१५५०	३४४८९९१४०.७	कार्यान्वयन नभएको
सेल्ले भट्टी हजारे घट्टे गाउ बेल डाडा कृषि सडक वडा नं ४ डि.पि.आर.	Regal Engineering & Construction Pvt.Ltd.,Dhobighat-4,KTM	३९६८४८.३	३९२२७९.५	३४७५८०८५१.२	कार्यान्वयन नभएको
गैरा स्कूल वडा नं ३ डि.पि.आर.	Jumanso Engineering Pvt. Ltd. ,kathmandu	४८८२२८.४७	४८५४४८	१९५४०८५१.२७	कार्यान्वयन नभएको
सेमजोङ हेल्थपोस्ट वडा नं ३ डि.पि.आर.	Delight Engineering Services Pvt.Ltd.,Pokhara-4,Kaski.	४९९२९४.९६	४९७२००	२३६१४८८९.६७	कार्यान्वयनको क्रममा भएको
जम्मा		२३८०२३९.५१	२३६००१६.३		

पालिकाले परामर्श सेवा खरिद गर्दा प्याकेजहरु बनाएर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र यसरी अध्ययन प्रतिवेदनवाट तयार भएका आयोजनाहरु कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ। पालिकाले उल्लेखित ५ वटा डिपिआर गरेकोमा ३ वटा कार्यान्वयन गरेको देखिएन। साथै कार्यन्वयन गर्न सुरु गरेका योजनामा समेत आवस्यक वजेट व्यवस्था गरेको देखिएन। पालिकाले प्राथमिकता र आवश्यक्ताका आधारमा कार्यान्वयन गर्न आवश्यक स्रोत सुनिस्चितता गरी संचालन गर्न सकिने सम्मको मात्र डिपिआर गर्नुपर्ने देखिन्छ। उक्त योजनाहरु कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

२५ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले रु ३० लाख ६० हजार कन्टिन्जेन्सी खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन। पालिकाले जुन योजनाकोलागि व्यवस्था गरेको कन्टिन्जेन्सी नियमावली वमोजिमका क्रियाकलापमा मात्र खर्च गर्नुपर्दछ।

२६ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले वित्तीय समानीकरण चालु बजेट उप शिर्षकबाट तिनवटा फर्मसंग दरभाउ पत्र मागको आधारमा सोझै मानसरोवर मेडीहेल्थ प्रा. लि. सँग रु. १९८७६७८।०० को औषधि खरिद गरेको

देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२७ **पालिकास्तरिय परिक्षा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार पालिकाले पालिका भित्रका आधारभूत विद्यालयहरुको पाठ्यक्रमले तोकेको उद्देश्यको लेखाजोखा गरी शैक्षिक गुणस्तर वृद्धि गर्न तथा शिक्षण सिकाइमा आवश्यक सुधार गर्न पालिका स्तरिय आधारभूत तह परीक्षा संचालन व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सामुदायिक विद्यालयहरुको पालिकस्तरिय आधारभूत तहको परिक्षा २०८१ चैत्र ५ गते देखि १२ गतेसम्म संचालन गरी रु. ३ लाख ६१ हजार खर्च लेखेको छ । परिक्षामा १३३ जना विद्यार्थीहरु सहभागी भएकोमा एक जना विद्यार्थीको नन ग्रेड, २ जनाको सी ग्रेड, २३ जनाको सि प्लस, ३५ जनाको बि, ५२ जनाको बि प्लस, १९ जनाको ए र एक जनाको ए प्लस उपलव्धि स्तर प्राप्त गरेको अभिलेअबाट देखिन्छ ।

२८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार पालिकाले पालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहरमैला संकलन र व्यवस्थापनको कार्य गर्नुपर्ने व्यवस्था छ ।यसरी संकलन गरेको फोहरमैलाको फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । स्रोतमै वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्नु पर्दछ । पालिकाले फोहरमैला संकलन र व्यवस्थापनको कार्य नगरेको कारण गाउँको स्वच्छ वातावरणमा प्रभाव परेको छ । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२९ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले २०८१ पौष १९ गते वडा नं. ५ को कार्यालय कटुञ्जेमा, २०८२ बैशाख १६ गते वडा नं. ३ को सेमजोङमा, २०८२ बैशाख १७ गते वडा नं. १ को मार्पाकमा सार्वजनिक सुनुवाई गरेको र उक्त सवै कार्यक्रममा २६९ जनाको उपस्थिति रहेको अभिलेखबाट देखिन्छ । पालिकाले उक्त सार्वजनिक सुनुवाई कार्यक्रम गर्न दरभाउ पत्रको आधारमा विदुकेशरा मिडिया प्रा. लि. संग रु. २९६,३२०।०० को संझौता गरी कार्य गरेको छ । उक्त सार्वजनिक परीक्षण बाट पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धनमा योगदान भए नभएको पृष्ठपोषण गर्नु पर्दछ।

३० **उपभोक्ता समितिको कार्य**

३०.१ उपभोक्ताको काम -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिंचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ।केही उदाहरण निम्न छन्।

भौचर	मिति	उपभोक्ता समितिको काम	लागत अनुमान	वास्तविक काम
१११	२०८२।२।२१४	सेमजोङ तल्लोवस्ती स्तरोन्नती	९४५४०६	९४४७५४
१०८	२०८२।२।११	डवजोङ दरवार जाने मोटर वाटो निउस	९४४९७७	९४४७७९

३०.२ (१०८-2082-02-11):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन। कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्ने उल्लेख छ।पालिकाले डवजोडा दरवार जाने मोटर वाटो निर्माण कार्य गर्न उपभोक्ता समितिसंग रु. ९४४,९७७।३४ मा संझौता गरेकोमा रु. ९४४,७७९।३४ को निर्माण कार्य सम्पन्न गरेकोमा पालिकावाट रु. ८६७,००० भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले उक्त निर्माण कार्यको लागि एक्साभेटर ब्रेकर र ढुंगाकोलागि नेत्रावती डवजोङ कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालिको विल रु. ९२३,४१८ को संलग्न गरेको छ ।उपभोक्ता समितिले अधिकांश कार्य निर्माण व्यवसायीवाट गराएको नियमसंम्मत देखिएन।

अनियमित भएको	८,६७,०००

३१ **पाईपको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्नेमा नापी जडान सहितको प्राविधिक मूल्यांकन राखेको देखिएन । यस सम्बन्धमा पालिकाले सानो परिमाणमा मर्मत कार्यका लागि मात्र दिएकोले जडानको प्राविधिक मुल्यांकन गर्न नसकिएको जनाएको छ। पालिकाले देहायका खरिद मालसामान प्रयोग भएको वितरण भएको एवं त्यसवाट लक्षित व्यक्तिलाई फाइदा पुगेको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रू

.मिति	सप्लायर्सको नाम	सामानको नाम	खरिदपरिमाण	खरिद दर	वितरण परिणाम	भुक्तानी रकम	बाँकी परिणाम
३/२०८१।०८।२६ /२०८१।०८।	प्रनिशा सप्लायर्सर एनएस सप्लायर्स	तार जाली	५२२थान	३३३०	३५६थान	१९९४१७८	१६६थान
५/२०८१।०८।२०	प्रिन्शा सप्लायर्स		६३mm=७००मिटर ५०mm=१२००मिटर ४०mm=१५००मिटर ३२mm=२०००मिटर २५mm=१०००मिटर २०mm=२०००मिटर	२५६.७३ १६१.२२ १०४.४८ ९८ ६०.०१ ३८.६५	६३mm=४५०मिटर ५०mm=५५० मिटर ४०mm=२००० मिटर ३२mm= ३०००मिटर २५mm= ३१००मिटर २०mm=५०५० मिटर	१९७२०३०।९७	६३mm=३५०मिटर ५०mm=१६५०मिटर ४०mm=१०००मिटर ३२mm=६०० मिटर २५mm=० मिटर २०mm=४५०मिटर
१०/२०८१।०६।१६	श्रीकृष्ण मल्ट्रीविजनेश	पाईप	४०mm=१५००मिटर ५०mm=१०००मिटर ६३mm=५००मिटर २०mm=३५००मिटर Hdp pipe२५mm=२१००मिटर Hdp pipe३२mm=१६००मिटर	१०४.९० १६१.५० २५७ ३९.१० ६०.५० ९८.४०			
जम्मा			१५७९२				४२१६

प्रमाण पेश नगरेको	१०,०८,३९५.०५

३२ **दिवा खाजा अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्षको शुरुमै इमिसमा समावेश भई सत्यापन भएको विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी दैनिक रु. १५ का दरले पहिलो त्रैमासिकको शुरुमै बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि विद्यालयलयमा विद्यार्थीको भौतिक उपस्थितिमा पूरा समय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिन समेत) लाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ। यस आर्थिक वर्षमा कार्यालयले दिवा खाजाका लागि २३ विद्यालयहरुलाई जम्मा रु. २२१३०५६।- निकासा दिएको छ।तर पालिकाले इमिसमा समावेश भएको तथ्यांकलाई सत्यापन गरेको देखिएन । त्यस्तै पालिकाले दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश

गरेको देखिएन । अत: पालिकाले इमिसको तथ्यांकलाई सत्यापन गराई निकासा दिनु पर्ने र दिवा खाजा गुणस्तर भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३३ पाठ्यपुस्तक अनुदान

३३.१ कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा स्थानीय तहले विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इमिसमा प्रविष्ट तथ्याङ्कसंग सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा नि:शुल्क पाठ्यपुस्तक खरिदको लागि २० विद्यालयलाई दुई किस्तामा रू. १०१६२५०।- निकासा दिएकोमा पालिकाले इमिसमा प्रविष्ट तथ्याङ्कसंग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराएको देखिएन । अत: पालिकाले इमिस तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रमाणित गराएर मात्र निकासा दिनुपर्ने, विद्यालयले समयमा पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई पुस्तक उपलब्ध गराए नगराएको, पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि अनुसार भए नभएको सम्वन्धमा निरन्तर अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३३.२ **बढी निकासा**: निशुल्क पाठ्यपुस्तक बापत निकासा गर्दा पाठ्यपुस्तक खरिदको बिलको आधारमा विद्यार्थीहरुले पाठ्यपुस्तक बुझेको भरपाई भन्दा बढी नहुने गरी निकासा दिनु पर्दछ । पालिकाले निम्न विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको रकम निकासा गर्दा भरपाई भन्दा बढी निकासा दिएको देखिएकोले सम्वन्धितबाट असुल गर्नु पर्ने रु.

सि. नं.	विद्यालयकोनाम	कक्षा	इमिसको संख्या	भरपाई	बिल (पुस्तक खरिद सेट)	बढी निकासा	निकासा दर	बढीनिकासा	
१	महेन्द्र बाराही मावि	२	७	७	११	४	५५६.८०	२२२७	
		३	६	६	१३	७	५८०.८०	४०६६	
जम्मा								६२९३	
२	चौतारा मावि	१	८	९	१३	४	५२०.८०	२०८३	
		२	8	९	१२	३	५५६.८०	१६७०	
		७	१६	१६	२०	४	७४८	२९९२	
		९	१८	१८	२४	६	७७०	४६२०	
		१०	१४	१४	१७	३	११७२	३५१६	ऐच्छिक विषयको समेत औषत
जम्मा								१४८८२	
३	निरन्जना आवि	६	२७	२४	३०	६	७०८.४	४२५०	
४	कन्यादेवी आवि	१	२	२	५	३	५२०.८०	१५६२	
		२	३	४	६	२	५५६.८०	१११४	
	जम्मा							२६७६	
	कुल जम्मा							२८१०१	

असुल गर्नुपर्ने	२८,१०१

३४ **स्यानिटरी प्याड खरिद : गाउंपालिकाले यस आर्थिक वर्षमा के फाइभ उद्योगबाट प्रति पाकेट रु. ७६।८४ को दरेल रु. ५३७८८०।- मा ७००० थान पाकेट स्यानिटरी प्याड खरिद गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन्:**

३४.१ **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र दफा ५क. मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान स्वीकृत गर्नु पर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ बमोजिम खरिद माग प्राप्त गर्नु पर्ने र नियम ११ को आधारमा मालसामानको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले स्यानिटरी प्याड खरिदको लागि विद्यालयहरुबाट खरिदको लागि माग प्राप्त गरेको र लागत अनुमान तयार गरेको देखिएन । पालिकाले स्यानिटरी प्याडको माग र लागत अनुमान तयार नगरी सिधै कोटेशन माग गरी खरिद गरेकोले उक्त खरिद कार्य नियम सम्मत देखिएन । अत: लागत अनुमान तयार तथा स्वीकृत गरेर मात्र खरीद कार्य गर्नु पर्दछ ।

३४.२ **स्यानटरी प्याडको स्पेशिफिकेसन र परिमाण:** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा (४) मा उपदफा (३) बमोजिम प्राप्त भएको बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणाली(इमिस)को तथ्याङ्कसँग भिडाइ अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको साइजको स्यानिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने, दफा ५ मा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने, माग भएको संख्यालाई शिक्षा शाखाले इमिस तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने, व्यवस्था छ । सो कार्यविधिको अनुसूची १ बमोजिमको स्पेसिफिकेसनमा स्यानिटरी प्याडको साइज L-240± 20mm, 60-75mm, Thickness 15±2mm हुनुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको भन्दा ठूलो साइज अर्थात 280 mm को प्याड खरिद गरेको पाइयो । त्यस्तै पालिकाबाट प्राप्त इमिस तथ्यांक अनुसार पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्राहरुको संख्या ४७५ जना रहेको र उक्त संख्याको लागि १ वर्षमा १० महिनाको लागि आवश्यक पर्ने स्यानिटरी प्याडको परिमाण ९५०० पाकेट देखिन्छ । यस आर्थिक वर्षमा पालिकाले ७००० पाकेट खरिद गरी ७९४५ पाकेट वितरण गरेको देखिन्छ । पालिकाले १० महिनाको लागि आवश्यक पर्ने स्यानिटरी प्याडको परिमाण भन्दा २५०० पाकेट घटी परिमाण खरिद गरेको देखिन्छ। यसरी परिमाण घटी हुंदा १२५ जना छात्राहरुलाई स्यानिटरी प्याड नपुग हुने देखिन्छ । पालिकाले विद्यालयहरुबाट गत आर्थिक वर्षको परिमाण मध्येवाट वितरण गरी बांकी परिमाण र सो परिमाण समेतको आधारमा १० महिनाको लागि आवश्यक पर्ने परिमाणको माग संकलन गरी आवश्यक परिमाण खरिद गर्नु पर्नेमा सो बेगर खरिद गरेको देखिएकोले खरिद गरेको परिमाण पर्याप्त भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन ।तसर्थ पालिकाले छात्राको इमिस संख्या, विद्यालयको माग, गत वर्षको वितरण गरी बांकी मौज्दातको आधारमा आवश्यकताको पहिचान गरी निर्देशिकाले तोकेको स्पेसिफिकेशन बमोजिमको स्यानिटरी प्याड खरिद गरी वितरण गर्नु पर्दछ ।

३४.३ **भरपाइ :** पालिकाले यस आर्थिक वर्षमा खरिद गरेको ७००० थान पाकेट सेनिटरी प्याड जिन्सी खाताबाट शिक्षा शाखालाई निकासा गरेकोमा विद्यालयहरुलाई ६९४५ थान पाकेट वितरण गरेको भरपाई पेश भएकोले बांकी ५५ थान पाकेटको वितरण गरेको भरपाई पेश नभएकोले सोको प्रमाण गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,२२६

३५ **सामाजिक सुरक्षा तर्फ**

३५.१ **वर्गगत सामाजिक सुरक्षा खर्च -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा देखीएका व्यहोरा देहाय बमोजिम छन। यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्ष राष्ट्रिय बाणिज्य बैंकमार्फत रु.८८४४००८४।-वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

क्र.सं.	सामाजिक सुरक्षा भत्ता पाउने समुह	कायम संख्या	वितरण गरेको संख्या	वितरण गरेको रू.	फिर्ता रकम
१	अन्य जेष्ठ नागरिक	१४७८	१४७६	७०५२६२२२	
२	अति अशक्त अपाङ्गता भत्ता	७०	७०	१७६६९४९	
३	जेष्ठ नागरिक एकल महिला	१३४	१३४	४२६९०३४	
४	जेष्ठ नागरिक भत्ता दलित	७१	७१	२२६३६६०	
५	दलित बालबालिका	१०५	१०४	६४३३६९	
६	पुर्ण अपाङ्गता भत्ता	४६	४६	२१७४५५०	
७	विधवा	२१४	२१४	६७९६३००	
	जम्मा			८८४४००८४	१७५१७५। ४९

३५.२ **मृतकको खातामा रकम भुक्तानी**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत रकम जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अद्यावधिक गरि मृत्यु भएका व्यक्तिहरुको लगतकट्टा गरि बैंकलाई रकम जम्मा गर्न आवश्यक निकासा गर्नुपर्नेमा सो गरेको छैन। अत: मृत्यु भएका व्यक्तिको खातामा निकासा भएको रकम भुक्तानी लिने व्यक्तिबाट असुल हुनुपर्दछ रु.

क्र.सं.	परिचय नं.	नाम	लगत कट्टा लागु मिति	भुक्तानि हुनु पर्ने	भुक्तानि भएको	बढी भुक्तानि रू
१	२०१००२०३०४३०६	कमान सिं तामाङ	२०८२।०१।१७	१८६६	१२०००	१०१३४
२	२०१२०२०१०४०९३	सन्त माया तामाङ	२०८२।०२।१४	११०६६	१२०००	९३४
३	२०१३०५०८०४७१६	जंग बहादुर तामाङ	२०८१।११।२५	८३१२	१२०००	३६८८
४	२०११०७१५०६६२५	फुलमाया तामाङ	२०८२।०३।३	५४६६	१२०००	६५३४
	जम्मा			२६७१०	४८०००	२१२९०।

असुल गर्नुपर्ने	२१,२९०

३५.३

के वाई सी अद्यावधिक नभएको- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ ।

पालिकाले हरेक बर्ष खाता अद्यावधिक नगरी लाभग्राहीको खातामा रकम जम्मा गरेकोले वास्तविक लाभग्राही हुन होइनन एकीन गर्न सकिएन। व्यक्तिगत विवरण प्राप्त गरी लाभग्राहीको खाता निरन्तर अध्यावधिक गर्नुपर्दछ ।

३५.४

पारदर्शिता- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नेत्रावती डवजोङ गाउँपालिका, धादिंग , नेत्रावती डबजोङ गाउँपालिका , धादिङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हरेराम साह	२०७८-१२-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	टिकाराम अधिकारी	२०७७-०७-२७	२०८१-०६-०९
लेखा प्रमुख	मनिषा कुमारी घिमिरे	२०८१-०६-१०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४९,३९१	८९९,२८४	१,८१४,९९०.७१	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२,७६३,६६५.७१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	८९,११९.६६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२,६७४,५४६.०५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४९८७७४७६.३२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२२८५९७३१५	चालु खर्च	२२४९१९९७८.३
प्रदेश सरकारबाट अनुदान	४८९७६०००	पूँजीगत खर्च	१३१५११७७४.५
राजश्व बाँडफाँट	७२७१३४१३.२१	वित्तीय/अन्य व्यवस्था	१२७०८३५३५.८८
आन्तरिक आय	५५२६८४७.२५		
अन्य आय	१२०५०००७७.३		
कुल आय	४७६३१३६५२.७६	कुल खर्च	४८३५१५२८८.६८
बाँकी मौज्दात		४२६७५८४०.४	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

म.ले.प.फा.नं. २७०-०१

नेत्रावती डवजोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, धादिंग

कार्यालयको कोड : ८०३३०५०८३००

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,३८,१६,९६६.३०	०	७,३८,१६,९६६.३०	६,८०,१६,१८४.८३	०	६,८०,१६,१८४.८३
१३०००	अनुदान		२५,९८,४६,७६६.६१	०	२५,९८,४६,७६६.६१	२८,४५,३८,५७६.००	०	२८,४५,३८,५७६.००
१४०००	अन्य राजस्व		१,२५,२५,४३१.०१	०	१,२५,२५,४३१.०१	४३,६६,९५०.५३	०	४३,६६,९५०.५३
१५०००	विविध प्राप्ति		८,१८,८६७.००	०	८,१८,८६७.००	०	०	०
क	कुल जम्मा प्राप्ति		३४,७०,०८,०३०.९२		३४,७०,०८,०३०.९२	३५,६९,२१,७११.३६		३५,६९,२१,७११.३६
३	चालु		२२,४९,१९,९७८.३०	०	२२,४९,१९,९७८.३०	२१,०५,०७,४७९.२०	०	२१,०५,०७,४७९.२०
२१०००	पारिश्रमिक / सुविधा		१०,४०,७२,४१७.१४	०	१०,४०,७२,४१७.१४	१०,०७,६२,४८७.९४	०	१०,०७,६२,४८७.९४
२२०००	मालसामान तथा सेवाको उपयोग		९,०२,५९,४६२.९४	०	९,०२,५९,४६२.९४	८,१९,५२,०३२.००	०	८,१९,५२,०३२.००

२५०००	सहायता (Subsidy)		५५,६४,१४०.००	०	५५,६४,१४०.००	०	०	०
२६०००	अनुदान		०	०	०	७५,६१,५७०.००	०	७५,६१,५७०.००
२७०००	सामाजिक सुरक्षा		९०,५२,२८७.००	०	९०,५२,२८७.००	१,२९,७२,३९६.००	०	१,२९,७२,३९६.००
२८०००	अन्य खर्च		१,५९,७१,६७१.२२	०	१,५९,७१,६७१.२२	७२,५८,९९३.२६	०	७२,५८,९९३.२६
४	पूंजीगत		१३,१५,११,७७४.४५	०	१३,१५,११,७७४.४५	१४,९२,६६,३६४.००	०	१४,९२,६६,३६४.००
३१११०	भवन तथा संरचना		०	०	०	७०,३६,५१२.००	०	७०,३६,५१२.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		९७,९७,३६५.००	०	९७,९७,३६५.००	५०,०७,५७७.००	०	५०,०७,५७७.००
३११३०	अन्य पूँजीगत खर्च		५८,६४,९२३.००	०	५८,६४,९२३.००	४०,०२,३८९.००	०	४०,०२,३८९.००
३११४०	सुरक्षा उपकरण		०	०	०	७,६१,६००.००	०	७,६१,६००.००
३११५०	सार्वजनिक निर्माण		११,५८,४९,४८६.४५	०	११,५८,४९,४८६.४५	१३,२४,५८,२८६.००	०	१३,२४,५८,२८६.००
ख)	कुल जम्मा भुक्तानी		३५,६४,३१,७५२.७५		३५,६४,३१,७५२.७५	३५,९७,७३,८४३.२०		३५,९७,७३,८४३.२०
ग)	बचत /कमी (ग = क-ख)		(९४,२३,७२१.८३)		(९४,२३,७२१.८३)	(२८,५२,१३१.८४)		(२८,५२,१३१.८४)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको		९४,०६,३७८.३४		९४,०६,३७८.३४	१८,४४,६७७.५९		१८,४४,६७७.५९

	मौज्दातको थप/घट (+/-)							
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		(३,८०,००३.००)		(३,८०,००३.००)			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		-१७,३४३.४९		-१७,३४३.४९	(१०,०७,४५४.२५)		(१०,०७,४५४.२५)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,२३,१३,१८०.८९		४,२३,१३,१८०.८९	५,०८,८४,९३०.५७		५,०८,८४,९३०.५७
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,२२,९५,८३७.४०		४,२२,९५,८३७.४०	४,९८,७७,४७६.३२		४,९८,७७,४७६.३२
लेखाप्रमूख			कार्यकारी अधिकृत			महालेखापरीक्षकको कार्यालय		

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।